# जीतपुरसिमरा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प्रदेश नं. २, नेपाल

पत्र संख्या : ०६६/०६८

चलानी नं. : ३४९६

मिति: २०७८।०३।२८

**बिषय : विवरण उपलब्ध गराउने सम्वन्धमा ।**

श्री बचत तथा ऋण सहकारी संस्था लि. सवै,
जीतपुरसिमरा उपमहानगरपालिका, बारा ।

उपरोक्त सम्बन्धमा सहकारी विभाग नयाँवानेश्वर काठमाडौंको च.नं. १४८९ प.स. ०७७।०७८ को मिति २०७८।०३।२५ को पत्र पाना १ को छायाँ प्रति यसै साथ संलग्न छ । पत्रबाट व्यहोरा अवगत गरी माग गरिए वमोजिमको विवरण यथाशिघ्र यस कार्यालयमा उपलब्ध गराउनुहुन अनुरोध छ ।

..................
(दुर्गा न्यौपाने)
अधिकृत, छैठौं

**बोधार्थ :**
श्री सहकारी विभाग नयाँवानेश्वर, काठमाडौं ।

नोटः श्री सुचना प्रविधि महाशाखा वेबसाईटमा अपलोड गरिदिनुहोला ।

०५३-४१२१७३ jeetpursimarasubmetropolitan@gmail.com

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेलः sahakaribivag@gmail.cc

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
# सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौं
(सम्पत्ति शुद्धीकरण निवारण इकाई)

पत्र संख्या :- ०७७/७८
चलानी नं.:- ९४१५

मितिः २०७८/०३/२५

श्री महानगरपालिका, काठमाडौं-काठमाडौं//ललितपुर-ललितपुर/पोखरा-कास्की/भरतपुर-चितवन/विराटनगर-मोरङ्ग/विरगञ्ज-पर्सा
श्री उपमहानगरपालिका, ईटहरी, धरान- सुनसरी/जनकपुर-धनुषा/हेटौडा-मकवानपुर/कलैया, जितपुरसिमरा-बारा/तुलसीपुर, घोराही-दाङ्ग/बुटवल-रुपन्देही/नेपालगञ्ज-बाँके/धनगढी-कैलाली
श्री नगरपालिका, कागेश्वरी-मनोहरा/कीर्तिपुर/गोकर्णेश्वर/चन्द्रागिरी/टोखा/तारकेश्वर/नागार्जुन/वुढानिलकण्ठ/दक्षिणकाली/शंङ्खरापूरा-काठमाडौं।
श्री नगरपालिका, चाँगुनारायण/भक्तपुर/मध्यपुर ठिमी/सूर्यविनायक-भक्तपुर।
श्री नगरपालिका, गोदावरी/महालक्ष्मी-ललितपुर।
श्री नगरपालिका, धुलिखेल/नमोबुद्ध/पनौती/पाँचखाल/बनेपा/मण्डनदेउपुर-काभ्रे ।
श्री नगरपालिका, कालिका/खैरहनी/माडी/रत्ननगर/रासि-चितवन ।
श्री नगरपालिका, अर्जुनधारा/कन्काई/गौरादह/दमक/विर्तामोड/भद्रपुर/मेचिनगर/शिवसताक्षी-झापा ।
श्री नगरपालिका, तिलोत्तमा/देवदह/लुम्बिनी सांस्कृतिक/सिद्धार्थनगर/सैनामैना-रुपन्देही ।

विषयः विवरण उपलब्ध गराउने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाई को प.सं.वि.जा.इ. २८/२०७७/७८, मिती २०७८/०३/१४ को पत्रमा अनुरोध भई आए अनुसार सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्वन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१) को उद्धेश्य नं. ६ अन्तर्गत वुदाँ नं. ६.३.४ को कार्यान्वयनको लागि २०७८ साउन देखि रु. १० करोड भन्दा वढी को निक्षेप वा पुँजी भएका वचत तथा ऋणको कार्य गर्ने देशभरिका सहकारी संस्थाहरुले **goAML Software System** मार्फत नेपाल राष्ट्र वैंक वित्तीय जानकारी इकाईमा **STR/TTR** को रिपोटिङ्ग गर्नुपर्ने भएको छ। तसर्थ उक्त प्रणाली संचालन सम्वन्धि अभिमुखिकरण/अन्तर्किया कार्यक्रम वित्तीय जानकारी ईकाईद्वारा online माध्यमवाट आयोजना गर्नु पर्ने भएकोले तत्काल goAML Software संचालन गर्न सक्ने रु. ५० करोड भन्दा वढीको, २० देखि ५० करोड सम्मको र १० करोड देखि २० करोडसम्म लाई कारोवारका हिसाबले ३ वर्गमा छुटयाई देहाय बमोजिमको विवरण सहकारी विभागमा पठाउने व्यवस्था मिलाउनुहुन निर्देशानुसार अनुरोध छ ।

| क्र.सं. | सहकारी संघसस्थाको नाम/ठेगाना | कार्यान्वयन अधिकारीको नाम (कार्यान्वयन अधिकारी नतोकेको अवस्थामा व्यवस्थापकको विवरण) | सम्पर्क नंम्वर | ईमेल |
|---|---|---|---|---|
| | | | | |

२०७८/३/२५
शोभा घिमिरे
शाखा अधिकृत

**वोधार्थः-**

वित्तिय जानकारी ईकाइ,वालुवाटार काठमाडौः- ताहँको प.सं. वि.जा.ई. २८/२०७७/७८, मिति २०७८।०३।१४ को सन्दर्भमा।